स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

"सवारी साधन चलाउनु पूर्व चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुहोस् ।"

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



रोमान्टिक भूमिकामा रुचाइएकी अभिनेत्री पूजा शर्मा पहिलो पटक एक्सन भूमिकामा प्रस्तुत हुने भएकी छन् । रुपेश तामाङको निर्देशनमा बन्न लागेको 'दाम्भी' शीर्षकको फिल्ममा उनी एक्सन लेडी बन्न लागेकी हुन् । फिल्मको घोषणा गर्दै सार्वजनिक गरिएको तीनवटा पोस्टरमा उनलाई रोमान्टिक र एक्सन मूडमा देख्न सकिन्छ । पोस्टरमा उनी पेस्तोलसहित पनि देखिएकी छन् । फिल्ममा पूजाको जोडीको रुपमा मोडल कुन्साङ बोम्जन देखिने भएका छन् । यही फिल्मबाट उनले अभिनेताको रुपमा डेब्यू गर्न लागेका हुन् ।

आजको विचार...



जीवनवृत्ति... (दुई पेजमा)

डा. नारायणप्रसाद निरौला



बलिउडकै माइलस्टोन फिल्म मानिने 'लगान' रिलिजको २२ वर्ष पूरा भैसकेको छ । फिल्ममा अभिनेता आमिर खान मुख्य भूमिकामा थियो र करिअरमा नयाँ उचाइँ दिलाएको थियो । तर, कमैलाई थाहा छ कि सबैभन्दा पहिला फिल्मको अफर अभिनेता अभिषेक बच्चनलाई गरिएको थियो ।

❒ वर्ष २८ ❒ अंक ३२० ❒ २०८० असार ३ गते आइतबार 18 June 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### दुर्घटनामा पूर्व मेयरको निधन

**पाल्पा,**असार २/सवारी दुर्घटनामा चापाकोट नगरपालिकाका पूर्व मेयर ६० वर्षीय शिव गिरीको मृत्यु भएको छ ।

राङखोलाबाट स्याङ्जातर्फ जाँदै गरेको बा १५च १७०९ नम्बरको 'स्कारपियो' शुक्रबार राति पुतलीबजार-१० राङखोलास्थित सिद्धार्थ राजमार्गमा दुर्घटना हुँदा गिरी गम्भीर घाइते भएका थिए । घाइते उनलाई उपचारका लागि जिल्ला अस्पताल स्याङ्जा पठाइएकोमा शुक्रबार राति नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायव उपरीक्षक रवीन्द्र खनालले जानकारी दिए ।

'स्कारपियो' अनियन्त्रित भई दुर्घटना भएको बताइएको छ । पुतलीबजार-९ कोल्मा बस्ने ३२ वर्षीय सवारी चालक सुरज नेपाली र स्कारपियो नियन्त्रणमा लिइएको प्रवक्ता खनालले बताए । उनका अनुसार घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

### हँसिया प्रहार गरी बालकको हत्या

**पाल्पा,**असार२/स्याङ्जाको अर्जुनचौपारीमा हँसिया प्रहार गरी एक बालकको हत्या भएको छ ।

स्थानीयको हँसिया प्रहारबाट अर्जुनचौपारी गाउँपालिका-६ सिउँडीबारीका ९ वर्षीय बालक हर्षित देवकोटाको मृत्यु भएको हो । उनलाई सिउँडीबारीका २१ वर्षीय सुजन चुवाई (सुवेदी) ले हँसिया प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायव उपरीक्षक रवीन्द्र खनालले जानकारी दिए । शुक्रबार साँझ हँसिया प्रहार गरी बालकको हत्या गर्ने सुवेदी घटनापश्चात् फरार थिए । उनलाई खोजतलास गर्ने क्रममा प्रहरीले पुतलीबजार-१ बाट पक्राउ गरी अनुसन्धान सुरु गरेको छ । यद्यपी घटनाको कारण भने खुल्न सकेको छैन् ।

# पुल बनेपछि सकसमा 'बोटे'

**विकास क्रमसँगै कालीगण्डकी किनारका बोटेहरुको रोजगारी नै खोसिएको छ । अहिले पुल बनेपछि सबै पुलबाट यात्रा गर्ने भएपछि डुँगा चलाउने पेशा रोकिएको मात्र छैन् साँझ विहानको छाक टार्न समेत धौं धौ भएको छ ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार २/ गाउँ-गाउँ पुग्नका लागि सडकका ट्र्याक खोलिए । नदी र सामान्य खोल्सामा पुल बने । दुर्गमका बासिन्दाले विकास र समृद्धिको महसुस गर्न सक्ने अवस्था आयो तर वर्षौंदेखि नदी किनारमा डुंगा चलाएर जिविकोपार्जन गर्दै आएका बोटे भने थप गरिबीको दुश्चक्रभित्र फस्दै गए । अहिले कालीगण्डकी नदीका हरेक घाटहरुमा पुल निर्माण भएका छन् । पुल बनेपछि डुंगामा सवार गर्नेहरु पुलबाटै यात्रा गर्न थालेपछि बोटे समुदाय सकसमा परेको छ । पुर्खौंदेखि उनीहरुले डुंगालाई रोजीरोटीको माध्यम बनाउँदै आए थिए । विकास क्रमसँगै अहिले कालीगण्डकी किनारका बोटेहरुको रोजगारी नै खोसिएको छ ।

बगनासकाली गाउँपालिका स्थित दर्पुकका ६५ वर्षीय नरबहादुर बोटेले कालीगण्डकी नदीको माइचौरघाटमा ३५ वर्षसम्म डुंगा चलाए । डुंगा चलाएरै ५ जना छोरा छोरी हुर्काए । तर अहिले यहाँ झोलुंगे पुल बनेपछि भने उनको आम्दानीको स्रोत नै बन्द भएको छ । उनी भन्छन् 'उमेरले डाँडापारिको घाम जस्तै भएको छु, डुंगा चलाउने पेशा नै बन्द भयो, अब केही गर्न सक्दैन्, परिवार कसरी पाल्ने चिन्ताले दिनहुँ सताईरहन्छ ।' डुंगा चलाएर गुजारा गर्दै आएका दैलातुङ्गका ६० वर्षीय रामबहादुर बोटेलाई पनि यति बेला आर्थिक समस्याले पिरोल्ने गरेको छ । कालीगण्डकी नदीको ओडारे र झ्याङटुङ्गमा दैनिक डुंगा चलाएरै ७ जनाको परिवार पाल्दै आएका बोटेलाई पुल बनेपछि आर्थिक समस्या उत्पन्न भएको हो । नदी किनार नजिकै झुपडी बनाएर बसेका उनी पहिले-पहिले डुंगा चलाएर रोजीरोटी चलाउँदै आएको भए



पनि कालीगण्डकी नदीमा पुल निर्माणसँगै उनको छाक नै खोसिएको छ । बोटे भन्छन्, '२० वर्षको उमेरदेखि डुंगा चलाएको हुँ, पुल बनेपछि छाकै खोसियो ।' विकास आवश्यक भए पनि विपन्न जनतामा त्यसले पार्ने असरलाई बुझेर विकल्पको बाटो सरकारले दिनुपर्ने उनको तर्क छ । 'जमानामा डुंगा चलाउँदा वारपार गरेको ४ रुपैयाँ लिन्थ्यौं,' उनले भने, 'कतिले पैसा दिँदैनथे र अरनी माग्थ्यौं । दिनभरि जम्मा गरेको अरनी घरमा ल्याएर बिहान-बेलुकाको छाक टार्नुपर्थ्यो ।' विस्तारै सडक खुले, पुल बने । नयाँ पुस्तामा पनि डुंगा चलाउने र माछा मार्ने मोह हराएको उनी बताउँछन् । अर्का ५८ वर्षीय दलबहादुर बोटेले पनि लामो समयसम्म राम्दी घाटमा डुंगा चलाए । वर्षायामको भेल पनि नभनी जोखिम मोलेर यात्रुलाई सुरक्षित नदी वारिपारी गराउने काममा उनी निकै सिपालु मानिन्थे' राम्दी घाटमा दिनमा दुई वटा डुंगा नियमित चल्थ्यो एकछिन पनि फुर्सद हुन्नथ्यो,' उनले पुराना दिन सम्झिदै भने, 'दैनिक २/३ सयसम्म यात्रुलाई नदी वारपार गराउँथ्यौं ।' अहिले पुल बनेपछि सबै पुलबाट यात्रा गर्ने भएपछि उनको डुंगा चलाउने पेशा रोकिएको मात्र छैन् साँझ विहानको छाक टार्न समेत धौं धौ भएको छ । उनी भन्छन् 'आफूले गर्दै आइरहेको पेशा खोसियो, बच्चाबच्ची हुर्काउन पढाउन पर्यो, काम केही छैन ।' डुंगा चल्ने विभिन्न घाटहरूमा अहिले धमाधम पुल निर्माण भएका छन् । जसले डुंगा विस्थापित भए । जिल्लाको बगनासकाली, तानसेन,रम्भा र रामपुर हुँदै कालिगण्डकी नदी बगेको छ । यहाँका ओडारे, झ्याङटुङ्ग, माइचौर, राम्दी, आँधी, खोरिया, केलादी, पुट्टार, घुमारी, भुजात, असेर्दी र बाली घाटलगायतका दर्जनौं घाटमा जमानामा वारिपारि गर्न डुंगा चल्थे । अहिले यी घाटहरूमा झोलुंगे र पक्की पुलहरू छन् । जसका कारण डुंगा चलाएर जीविकोपार्जन गर्दै आइरहेका बोटे समुदायको डुंगा चलाउने पेशा रोकिएको छ । बगनासकालीको दैलातुङ र दर्पुकमा सीमान्तकृत बोटे समुदाय छ । यी दुवै गाउँ कालीगण्डकीको किनारमै छन् । दैलातुङमा बोटे समुदायका ३२ घर छन् भने दर्पुकमा ८० घर बोटे समुदाय छन् । तर अधिकासको आफ्नो घर छैन् । कालिगण्डकी नदी किनारमा डुंगा तार्ने र माछ मारेर गुजार चलाउदै आएको यो समुदाय अहिले दुवै काम ठप्प भएपछि विचल्लीमा परेका छन् । माछा मार्न समेत रोक लगाएपछि उनीहरु थप समस्यामा छन् । झुपडीमा लालबालासँगै रहेका उनीहरुका लागि न नयाँ काम पाइन्छ न त परम्परागत रुपमा गर्दै आएको काम नै छ । आफै घर बनाएर बस्ने क्षमता समेत नभएका उनीहरुले जनता आवास कार्यक्रममार्फत घरवासको जोहो गरिदिन स्थानीय सरकासँग माग गरेका छन् । बर्खायाम सुरु हुन लागेकाले आफुहरु चुहिने छानोमुनि रात कटाउन बाध्य भएको भन्दै सरकारसँग गुहार मागेका हुन् । हरेक निर्वाचनमा घर बनाईदिने आश्वासन पाए पनि आफुहरुको घर अहिलेसम्म नबनेको समुदायका अगुवा सुमित्रा बोटे बताउँछिन् । गरिबीका कारण उनीहरु घाम पानी नछेक्ने झुपडी घरमा बस्न बाध्य छन् । उनीहरू पटक-पटक मतदान गरे पनि उम्मेदवार को हो थाहै पाउँदैनन् । आफ्ना घरसम्म उम्मेदवार आउने र आफ्ना कथाव्यथा सुन्ने काम कहिल्यै नभएको उनीहरूको गुनासो छ । बोटेहरु भन्छन् 'यहाँबाट भोट पाएर जितेर जानेले हामीलाई वास्ता गरेनन् । हाम्रो अवस्था सुधार भएन ।'

**स्थानीय सरकारबाट उपेक्षित बोटे**

स्थानीय सरकारले समेत बोटे समुदायलाई उपेक्षित गरेको छ । सकसमा रहेका उनीहरुको आर्थिक अवस्था सुधारका लागि स्थानीय सरकार बेखबर छ । बेला बेलामा बोटे समुदायमा बाख्रापालनका कार्यक्रम गर्ने गरिए पनि ठोस रुपमा आयआर्जन र रोजगारीसँग जोड्न नसकिएको बगसकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी स्वीकार छिन् । उनले भनिन् 'अहिले हामीले त्यस्तो ठोस कार्यक्रम ल्याएका छैनौ, गत वर्ष बाख्रापालनका कार्यक्रम थियो, अब हामीले केही आयआर्जनसँग जोड्ने खालका कार्यक्रम ल्याउने सोंच बनाएका छौं ।' बोटे बस्तीसम्म मोटर बाटो, पिउने पानी व्यवस्थापन र बोटे समुदायकै लागि लक्षित गरेर दर्पुकमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालनमा ल्याइए पनि रोजगारी सिर्जनाको सवालमा ठोस कार्यक्रम बन्न नसकेको-६ का वडा अध्यक्ष लक्ष्मीप्रसाद अधिकारीले बताए । उनले भने 'विगत ३ वर्ष अघि यहाँका समुदायमा बाख्रापालनका लागि पालिकाबाट सहयोग हुन्थ्यो तर यस पटक भने त्यो पनि छैन् ।' अहिले केही गैरसरकारी संस्थासँगको समन्वयमा दर्पुकका बोटे समुदायमा कृषि र पशुपालनका कार्यक्रम गरिएको अध्यक्ष अधिकारीले बताए ।

**आर्थिक अभावको चेपटामा बोटे बालबालिकाको शिक्षा**

दैलातुङ फाँटको बोटे गाउँ नजिकै कक्षा ८ सम्म पढाइ हुने दैलातुङ आधारभूत विद्यालय छ । दर्पुकमा पनि विद्यालय छ । यी विद्यालयमा अधिकांस बोटे समुदायका बालबालिका छन् । केही वर्षअघिसम्म यहाँका बोटे अभिभावकमा छोरा/छोरी विद्यालय पठाउनुपर्छ भन्ने चेतनासमेत थिएन । बालबालिका पनि विद्यालय जान र पढ्न रुचि देखाउँदैनथे । तर अहिले पढ्नुपर्छ भन्ने चेतना भए पनि आर्थिक अभावका कारण धेरै बालबालिकाहरु विद्यालय जान सकेका छैनन् । उनीहरुलाई विद्यालयमा टिकाइ राख्न सरकारले दैनिक खाजा भत्ताको व्यवस्थासमेत गरेको छ । तर त्यो त्यति प्रभावकारी हुन सकेको छैन । उनीहरूमा सरसफाइ, नियमित गृहकार्य, न्यानो लुगा, आवश्यक शैक्षिक सामग्रीको भने सधैं अभाव छ । आर्थिक समस्याका कारण भोटे बालबालिकाहरुले पढाइ नियमित गर्न सकिरहेका छैनन् ।

## तिनाउ खोलामा डुबेर एकको मृत्यु

**पाल्पा,** असार २/तिनाउ खोलामा डुबेर गुल्मीका एक किशोरको मृत्यु भएको छ ।

पाल्पाको तिनाउ गाउँपालिका-३, सिद्धबाबास्थित तिनाउ खोलाको ड्यामसाइडममा पौडी खेल्ने क्रममा शनिबार गुल्मी सत्यवती गाउँपालिका-७, का १८ वर्षीय अभिषेक परियारको मृत्यु भएको हो । तिलोत्तमा नगरपालिका-३, ड्राइभर टोलमा भाडामा बस्दै आएका परियार खोलामा पौडी खेल्ने क्रममा अचनाक बेपत्ता भएका थिए । बेपत्ता उनको प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा डुवेको ठाउँमै अचेत अवस्थामा फेला पारेको थियो । अचेत अवस्थामा फेला पारिएको उनलाई उपचारका लागि प्रादेशीक अस्पताल बुटवल पठाइएकोमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका डिएसपी वीरेन्द्र थापाले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## ब्याडमै सुक्न थाल्यो धानको बीउ

**सुशीला रेग्मी**

**रामपुर (पाल्पा),** असार २/ खेतमा यतिबेला सबैजसो किसानका ब्याडमा हरियाली धानको बीउ हुन्थे ।

असारको दोस्रो हप्ता पछाडी धान रोप्ने किसानले तयारी गर्थे तर यस पटक भने वर्षा नपरेपछि बीउ राख्न समस्या भएको किसानले बताएका छन् ।

असार सुरु हुँदासमेत पानी नपर्दा बीउ राख्न समस्या भएको छ भने कतिपय ठाउँमा राखिएका बीउ ब्याडमै उम्रन पाएका छैनन् । हरेक



वर्ष हिले ब्याड राख्ने गरेकोमा यस पटक पानी अभावमा धुले ब्याड राख्न बाध्य भएको पाल्पाको रामपुरका किसान डोलराज तिवारी बताउन्छन् । 'समयमा पानी पर्न सकेन, धुले ब्याड बनाएर बीउ राखियो, सिँचाइ दिन सकिएको छैन, दिनभर चर्को घामबाट जोगाउन स्याउला तथा बोराले माथिबाट ढाकेर राखिएको छ', उनले भने । तिवारीका अनुसार कुलोको पानी पालो अनुसार सिँचाई दिन रातदिन धाउनुपरेको छ । प्रयाप्त सिँचाइ दिन नपाउँदा ब्याडमा उम्रदै गरेको बीउ सुक्ने अवस्थामा छन् ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पितृदेवो भव

पितृदेवो भव भन्ने हाम्रो संस्कृतिले पितालाई देवताको रुपमा लिने चलन छ । पिताको आज्ञा पालना गर्नेले कुनै तीर्थ गरिरहनु पर्दैन भनि शास्त्रहरुले स्पष्ट किटान गरेका छन् । कर्म दिने बुबालाई भगवानसरह मान्नुपर्ने धर्मसशास्त्रहरुमा उल्लेख छ । बुवाको सम्मानमा हरेक वर्ष केही न केही दिवस र पर्व पर्छन् । हरेक वर्षाको भाद्र कृष्ण पक्षमा कुसे औंसी अर्थात् बुबाको मुख हेर्ने दिन, जुन १ तारिखमा विश्व बुवाआमा दिवस र जुन महिनाको तेस्रो आइतबार अन्तर्राष्ट्रिय बुवा दिवस मनाउने गरिन्छ । आज पनि बुवाकै सम्मानमा अन्तर्राष्ट्रिय बुवा दिवस मनाइँदै छ । भारतमा बेलायती शासकहरूको शासन सुरुवात पछिका दिनमा नै जुन महिनाको तेस्रो आइतबार बुवाप्रति समर्पण गर्ने दिन मनाउने चलन स्थापना गरिएको थियो । क्रमशः यसै चलनलाई बेलायतीहरुले आफ्नो देशमा पनि थालनी गरिदिए र आज नेपालसहित विश्वभर नै यो दिवस मनाउने चलन स्थापित भएको छ । यस दिन बुवाको सम्मान गरिन्छ । यो दिवस आफैमा राम्रो छ । आफूलाई जन्म दिई हुर्काइ, पढाई सक्षम बनाउने बुवालाई देवता सम्झेर श्रद्धा भक्तिपूर्वक मान्नु र पूज्नु सम्पूर्ण छोराछोरीको कर्तव्य हो । पितालाई अरू समयमा वास्ता नगर्ने सन्तानहरू पनि यस दिन मीठा-मीठा खानेकुरा तथा कपडा लिएर बुवालाई भेट्न पुग्छन् । यसलाई सकारात्मक रुपमा लिएपनि एक दिन मात्र गरिएको सम्मानले पिताप्रतिको सच्चा सम्मान भने हुन सक्दैन ।

चाहे जुनसुकै धर्म या सम्प्रदायका भए पनि बुवाको हात समातेर तोती बोली बोल्दै लरवरिएका पाइला चाल्न सिकेका हामीमध्ये धेरै छौँ । ताते ताते गरेर हिँड्न सिकाउने, हाम्रो जीवन सजाउन दिनरात अहोरात्र खटेर हामीलाई कर्म दिने अनि सुरक्षा दिने बुवालाई शायद शब्दले व्याख्या गर्न सकिन्न । पिताको सेवा र सम्मान गर्दा जतिको पुण्य कुनै यज्ञबाट सम्भव छैन । बाबुको सम्मान र सेवा गर्दा आफू पनि लोकबाटै सम्मानित भइने र भविष्यमा आफूले पनि आफ्ना सन्तानबाट त्यस्तै सेवा-सम्मान पाइन्छ भन्ने कुरा कुनै पनि सन्तानले बिर्सनु हुँदैन । उपभोक्तावादी संस्कृति विकसित हुँदै गर्दा बुबाआमाले भनेको मान्नु नपर्ने, उमेर पुगेका छोराछोरी भिन्नै बस्ने, आमाबुबालाई वास्ता नगर्ने र वर्षको एक दिन सम्मान गरेको देखाउन खानेकुरा र लुगाफाटा लिएर भेट्न जाने परम्परा विकसित भइरहेको छ । यो आफैमा गलत र दुखद् हो । यसो हुनु हुँदैन । सनातन संस्कृति अवलम्बन गर्ने हो भने पिता वर्ष दिनभरि नै पुजनीय हुन्छन् । दर्शनीय हुन्छन् । धर्तीमा ल्याउने, लालनपालन गर्ने, शिक्षा-संस्कार दिने पितालाई अपमानित गर्नेको कहिल्यै भलो हुँदैन् । सनातन धर्मको निर्देश छ,'पितृदेवो भव' अर्थात् पितालाई देवतासरह मान ।

## Opinion @ Social Network

मलाई म खुबै मन पर्छ किन कि म आफुले आफुलाई धेरै माया गर्छु आफुलाई माया गर्न सिकौ तिमी छौ र त तिमिले अरुलाई माया दिन सकिरहेका छौं ।
*(शेरिफ केसीको फेसबुक स्टाटस https://www.facebook.com/nishu.kshetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जीवनवृत्ति र तुलना



डा. नारायणप्रसाद निरौला

**मान्छे आर्थिक रूपले कहिल्यै सम्पन्न हुनसक्दैन र अब भयो भन्ने हुँदैन । जति भयो उति नपुग्ने वस्तु नै धन हो । धनले सम्पन्न यो धर्तीमा कोही पनि छैनन् । संसारका धनी व्यक्ति पनि धन कमाउनकै निम्ति निरन्तर लागिपरिरहेका छन् । यसैले धन महाकवि देवकोटाले भनेजस्तै हातको मैल नै हो । आज छ भोलि नहुन पनि सक्छ । त्यसैले अर्थार्जनमा मान्छे जुटिरहेकै हुन्छन् । हामी आफूमै परिपूर्ण व्यक्ति हौँ । वेदान्तले यसै 'अहं ब्रह्मास्मि' भनेको होइन । स्वयं ब्रह्मस्वरुप हौँ हामी । हामीमा अथाह स्रोतको भण्डार छ, अनन्त वियवस्तु प्राप्तिका उपाय छन् । जसले जति यत्न गर्छ त्यसले त्यति नै प्राप्त गर्दछ । जे कुरा चिताउँछ सोही प्राप्त गर्नसक्छन् । समय श्रम धेरै वा थोरै हुनसक्छ । तर चिताएका कुरा मन्छेले साध्य गर्नसक्छन् त्यो समार्थ्य हामीमा छ । तदनुसारको निरन्तर कर्ममा उद्यत भने रहन सक्नुपर्दछ । कर्मयोगी बन्ने व्यक्तिले नै जीवनमा सफलता प्राप्त गरेका छन् । यत्न कसरी र कति गर्छौं ? कुन कुरा प्राप्तिका निम्ति के कस्तो यत्न आवश्यक छ यस विषयले नै तलमाथि पारिरहेको हुन्छ । पैसा हावामा उडिरहेको छ टिप्न सक्ने सीप क्षमता र सामर्थ्य चाहिन्छ । जसले जति सामर्थ्यले यत्न गर्दछ सोही प्राप्त गर्न सक्दछन् । हाम्रो पर लक्ष भने पैसा होइन केवल साधनमात्र हो । साध्य परं आनन्दको प्रत्याभूति हो । किनकि पैसाले वस्तु किन्न पाइएन भए त्यसको कुनै मूल्य रहँदैन ।**

'सँगैका साथी हवाईजहाज माथि म भैंसी गोठालो...' भन्ने गीतले हाम्रो समाज र हाम्रो सामाजिक चिन्तनलाई प्रतिबिम्बन गरेको छ । हाम्रा जीवनवृत्ति एक अर्काको तुलनामा बित्ने गर्दछन् । विशेषत: आर्थिक तुलना यसमा पनि विशेष रहने गर्दछ । अन्यपक्षलाई हाम्रो मानिसिकताले कम प्राथमिकतामा राख्ने गर्दछ । देखिने कुरा आर्थिक नै अधिक हुने गर्दछन् । भौतिक रूपमा देखिने सम्पन्नताको तुलना हाम्रा मस्तिष्कले चाँडै गरिरहेका हुन्छन् । 'सँगैका साथी सम्पन्न भइसके आफ्नो यो गति छ' भन्ने धारणा मनमा निरन्तर उद्वेलित भइरहन्छ । आत्मिकभन्दा पनि भौतिक उन्नतिले समाजमा अर्कै प्रभाव पार्ने गर्दछ ।

आर्थिक रूपमा सम्पन्न व्यक्ति सबैकुराले परिपूर्ण हुन्छ भन्ने धारणाले निरन्तर कार्य गरिरहेको हुन्छ । यो वर्तमान समयको प्रभाव पनि हो । सधैँ यस्तै रहँदैन । वर्तमानको समयलाई पैसाले जितेको छ । यसैले हामी पैसाको सर्वोपरीमा निरन्तर चलिरहन्छौँ र एक अर्काको तुलना पनि आर्थिक दृष्टिले नै गरिरहेका हुन्छौँ । तर, सधैँ यस्तो हुँदैन । पैसाले राम्रो ओछ्यान किन्न मिले पनि मीठो निद्रा किन्न पाइँदैन । धन केवल विनिमयको माध्यम मात्र हो । मान्छेले राम्रो गाडी चड्दैमा ऊ सम्पन्न र उच्चकोटिको हो भन्ने हाम्रो सामाजिक अवधारणा बन्न पुगेको छ । ऋणको जतिसुकै ठूलो भारी बोकेर घर किनेको छ भने देख्नेले घर देख्छन् बैंकको ऋण देख्दैनन् । यसैगरी राम्रो गाडीमा चडेका व्यक्ति सधैँ सुखी र आनन्दित ठान्ने सामाजिक मनोवृत्ति पनि हामीमा रहन्छ । चाहे त्यो गाडी ऋणमा कुदिरहेको होस् त्यो सरोकारको विषय हुँदैन ऊ त्यो महँगो गाडी चढ्ने हैसियतको भयो भन्ने अर्थिक तुलना प्रतितुलना हामीमा निरन्तर जागिरहन्छ । हामी आफूमै परिपूर्ण व्यक्ति हौं । वेदान्तले यसै 'अहं ब्रह्मास्मि' भनेको होइन । स्वयं ब्रह्मस्वरूप हौं हामी । हामीमा अथाह स्रोतको भण्डार छ, अनन्त वियवस्तु प्रप्तिका उपाय छन् । जसले जति यत्न गर्छ त्यसले त्यति नै प्राप्त गर्दछ ।

संसारमा जति पनि मानव छन् सबै सबैको भिन्न प्रकृति छ । सबैको भिन्न आर्थिक स्थिति पनि विद्यमान छ । कोही कसैसँग तुलनायोग्य हुँदैन । सँगैका साथी हुन् वा सँगै जन्मिएका जुम्ल्याहा नै किन नहुन् सबैमा भिन्न प्रकृति विद्यमान हुन्छ । सबैका क्षमता भिन्न भिन्न हुन्छन् । भिन्न सोच, भिन्न सामर्थ्य रहेको हुन्छ । यसैले सँगैको भनी कोही कसैसँग तुलना गर्नु आफैँलाई गलित तुल्याउनु हो । उन्नतिका शिखर चढ्न खोज्नु आम मानवीय प्रवृत्ति हो । जसमा निरन्तर संघर्षरत हुनु पनि हामी सबैको मानवीय कर्म नै हो । राम्रो लगाउने, मीठो खाने, सुख, शान्ति उन्नति र समृद्धि सबैका प्राथमिकतामा हुन्छन् । तर यी सबै कसैको कसैसँग तुलना गर्न योग्य भने हुँदैनन् । स्वयं हातका औँला बराबर छैनन् भने यो संसारमा कसैको बराबर कोही पनि छैन । हाम्रो समाजमा आर्थिक मापन अधिक हुने गर्दछ । तर जुनसुकै कुराको मापन गरे पनि हरेक व्यक्ति भिन्न हो । उसको तुलना कसैसँग पनि हुन सक्दैन । यदि तुलना हुन्छ भने स्वयं आफैँसँग मात्र हुन्छ । आफ्नो उद्देश्य के हो ? लक्ष के हो ? प्राप्ति के भइरहेको छ ? आफू आफैँमा सन्तोषको श्वास फेर्न सकिरहेको छ छैन आदि कुराको नै विचार हुनसक्छ । मान्छे आर्थिक रूपले कहिल्यै सम्पन्न हुनसक्दैन र अब भयो भन्ने हुँदैन । जति भयो उति नपुग्ने वस्तु नै धन हो । धनले सम्पन्न यो धर्तीमा कोही पनि छैनन् । संसारका धनी व्यक्ति पनि धन कमाउनकै निम्ति निरन्तर लागिपरिरहेका छन् । यसैले धन महाकवि देवकोटाले भनेजस्तै हातको मैल नै हो । आज छ भोलि नहुन पनि सक्छ । त्यसैले अर्थार्जनमा मान्छे जुटिरहेकै हुन्छन् । हामी आफूमै परिपूर्ण व्यक्ति हौँ । वेदान्तले यसै 'अहं ब्रह्मास्मि' भनेको होइन । स्वयं ब्रह्मस्वरूप हौँ हामी । हामीमा अथाह स्रोतको भण्डार छ, अनन्त वियवस्तु प्रप्तिका उपाय छन् । जसले जति यत्न गर्छ त्यसले त्यति नै प्राप्त गर्दछ । जे कुरा चिताउँछ सोही प्राप्त गर्नसक्छन् । समय श्रम धेरै वा थोरै हुनसक्छ । तर चिताएका कुरा मन्छेले साध्य गर्नसक्छन् त्यो समार्थ्य हामीमा छ ।

तदनुसारको निरन्तर कर्ममा उद्यत भने रहन सक्नुपर्दछ । कर्मयोगी बन्ने व्यक्तिले नै जीवनमा सफलता प्राप्त गरेका छन् । यत्न कसरी र कति गर्छौं ? कुन कुरा प्राप्तिका निम्ति के कस्तो यत्न आवश्यक छ यस विषयले नै तलमाथि पारिरहेको हुन्छ । पैसा हावामा उडिरहेको छ टिप्न सक्ने सीप क्षमता र सामर्थ्य चाहिन्छ । जसले जति सामर्थ्यले यत्न गर्दछ सोही प्राप्त गर्न सक्दछन् । हाम्रो परं लक्ष भने पैसा होइन केवल साधनमात्र हो । साध्य परं आनन्दको प्रत्याभूति हो । किनकि पैसाले वस्तु किन्न पाइएन भए त्यसको कुनै मूल्य रहँदैन । पैसा त केवल विनिमयको माध्यम मात्र हो । जसरी अर्जुनले लक्ष्य भेदन गर्न केवल लक्ष्यमात्र देखे उनै सर्वश्रेष्ठ धनुर्धर भए । हामीले पनि लक्ष्य कस्तो राख्ने त्यसैमा निर्भर गर्दछ । लक्ष्य भेदन गर्नेले केवल लक्ष देख्छ र सो प्राप्तिका निम्ति निरन्तर प्रयत्नशील रहन्छ । सर्वप्रथमत: लक्ष्य निश्चित हुनुपर्दछ । अरू धनुर्धारीलाई लक्ष्यमा के के देखिरहेका छौ भन्दा चराका नाक, कान, आँखा, बुटो आदि हरेक वस्तु देखे केवल लक्ष्यलाई मात्र देखेनन् त्यसैले ती सर्वश्रेष्ठ धर्नुधर बन्न सकेनन् । अर्जुनले केवल चराको आँखा लक्ष्य रहेको र सोमात्र देखे उनी सफल भए । हरेक कार्यक्षेत्रमा यसैगरी हामी अघिबढ्न ससक्नुपर्दछ । तबमात्र सफलता प्राप्त हुन सम्भव छ ।

यत्न नगरी अरूसँग तुलना गरेर न त आर्थिक समृद्धि मिल्न न त भौतिक न आध्यात्मिक । आर्थिक सम्पन्नता मात्र जीवन होइन । जो जस्तो छ त्यसलाई सम्मान गर्ने भावनाको विकास गर्न सक्नुपर्दछ । 'आत्मवत् परद्रव्येषु' भन्ने भावनाको विकास गर्न सक्नुपर्दछ । समदृष्टिको भावना मननमा जागृत गर्न सक्नुपर्दछ । सबैको कल्याणाको भावना राख्न सक्नुपर्दछ । तबमात्र आफ्नो र अरुको पनि कल्याण सम्भव छ । अरूको कुभलो चिताउनेले आफ्नो उन्नति गर्न सक्दैनन् । जसरी महाभारतमा सकुनीले केही पनि पप्त गर्न सकेनन् । यसैले 'बसुधैव कुटुम्बकम्' को भावना नित्य मनमा राख्नुपर्दछ भनी हाम्रा ऋषि महर्षिले उपदेश गरेका छन् । जसमा गूढतम रहस्य लुकेको छ । एक अर्कासँग तुलना कोही कसैसँग पनि हुँदैन । किनकि हामी सबै भिन्न प्रकृतिका छौँ । हामीमा हरेक गुण र वृत्ति सूक्ष्मरूपमा भिन्न छन् । सबै कुरा एउटै भए पनि हामी भिन्न छौँ । हरेक व्यक्तिका नाक, कान, अँखा, मुख आदि सबै समान भए पनि चेहेरा एउटै छैन । शारीरिक बनावट एउटै छैन । मानसिक वृत्ति एउटै छैन । शारीरिक क्षमता एउटै छैन । हरेकमा भिन्न भिन्न वृत्ति भएकाले हामी सबै भिन्न हौँ र हामीमा स्वकीय पन भिन्नै छ । यसैले एकको तुलना अर्कोसँग हुँदैन । कोही धनको गरीब त कोही मनको गरीव हुनसक्छन् । कर्मको फलभोग जसको जेजस्तो छ सोही हुन्छ र त्यसमै हामी र हाम्रो समय निरन्तर चलिरहन्छ । संसारमा सम्पनन्नताको आँधी चल्नु मानसिक प्रक्रिया हो । सामाजिक दृष्टिले पनि यस्तो प्रभाव रहनसक्छ । हामी सबै सम्पन्न नै छौँ । कसैको गाडी, घर हुनु सम्पन्न हुनु होइन । किनकि त्यो भएका व्यक्तिले अब मलाई पुग्यो म सम्पन्न छु भन्दैनन् । हामीले आफैँलाई पनि त विचार गरेर हेर्न सक्छौँ आफूभन्दा कम आर्थिक स्थिति भएकाले तपाईलाई नै सम्पन्न भनिरहेका हुन्छन् । यसरी हामीले केवल आर्थिक विषयलाई नै तुलनाको केन्द्रबिन्दु बनाइरहेका हुन्छौँ र आफ्नो अमूल्य समयलाई खेर फालिरहेका हुन्छौँ । यसैले कोही कसैको कुनै कुरासँग पनि तुलान गनृ मिल्दैन । हामी सबै सबैमा परिपूर्ण छौ । किनकि 'पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते' अर्थात् पूर्णबाट पूर्ण निकाल्दा पनि पूर्ण नै हुन्छ ।

**-हिमालयटाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ । पारिवारिक सद्भाव बढ्नेछ । | **तुला** : सामाजिक क्षेत्रबाट सम्मान प्राप्त हुनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । |
| **वृष** : नयाँ कार्य प्रारम्भ गर्न सकिने छ । छोटो यात्रा तय गर्न सकिनेछ । | **वृश्चिक** :मिठो परिकार खान पाइएला साथै शेयर बजारबाट सफलता हात पर्नेछ । |
| **मिथुन** : । दाम, इनाम र प्रतिष्ठाको लागि सहकार्यको योजना बन्ला । | **धनु** : कीर्तिमानी काम गर्ने समय छ । बन्धु बान्धवबाट सहयोग पनि मिल्नेछ । |
| **कर्कट** : नयाँ कार्य योजनाबाट लाभ लिन सकिन्छ । साथीभाइबाट हौसला मिल्नेछ । | **मकर** : दैनिक व्यवहारमा खर्च बढ्न सक्छ । दिन सामान्य रहन्छ । |
| **सिंह** : नाम कमाउन अनुकूल प्रयास हुनेछन्, विद्या र बुद्धिको विकास हुनेछ । | **कुम्भ** : आज सामाजिक तथा धार्मिक कृत्यमा मन जानेछ । |
| **कन्या** : आज सामाजिक प्रतिष्ठा कमाउने बेला छ । संगीतमा रुचि बढ्नेछ । | **मीन** : नयाँ कार्यको योजनाले आत्मिक सन्तुष्टि मिल्नेछ । |

# कृषि

## उच्च तापक्रमका कारण करोडौँको ड्रायगन फ्रुट कुहियो

केही दिनदेखि लागेको चर्को घामका कारण करोडौँको ड्रायगन फ्रुट नस्ट भएको छ । तापक्रम बढेसँगै फूल फूल्दै गरेका र फल लागेका ड्रायगन फ्रुट बोटमै कुहिएका छन् ।



तीन पटक (लट) सम्मको फल कुहिन थालेपछि व्यावसायिक ड्रायगन किसान मार्कामा परेका छन् । चर्को घाम, पानी र हावाहुन्डरीबाट जोगाउनुपर्ने खेती भएकाले जेठ १५ देखि बढ्दै गएको तापक्रमका कारण व्यावसायिक किसान निराश बनेका हुन् । यस वर्षको चर्को घाम र हुन्डरीले पथरी शनिश्चरे-६ का पूर्व वडाध्यक्ष जयबहादुर तामाङले सञ्चालन गरेको पूर्वाञ्चल मल्टिपल एग्रिकल्चरमा करिब पाँच देखि सात लाखसम्मको ड्रायगन क्षति गरेको छ । 'पहिलो पटक सुरु गरेको खेतिमा हावाहुन्डरी र तापक्रमले समस्या देखियो', तामाङले भने । ड्रायगनको बोट पहेँलिनु, फल कुहिनुले पहिलो पटक मै नराम्रो झट्का लागेको उनले बताए । 'अब उत्पादन लिन तीन हप्ता कुर्नुपर्ने हुन्छ । पहिलो, दोस्रो र तेस्रो पटक फलबाट आम्दानी लिन नपाए पनि मौसमले साथ दिए तीन हप्तापछि उत्पादन हुन्छ', पूर्व वडाध्यक्ष तामाङले भने । पथरी शनिश्चरे-८ का खगेन्द्रप्रसाद लिम्बूको मेद्यावी कृषि फर्ममा पनि ड्रायगनका बोटमा क्षति भएको छ । अडाइ बिघामा लगाएको फर्ममा भुइँ भरि कोपिला र दाना कुहिएर झरेका छन् । लिम्बूले यस पटकको घाम र हावाले रु १५ लाख बराबरको ड्रायगन कुहिएको जानकारी दिए । फर्ममा टिप्न तयार भएका फलसमेत चर्को मोसमका कारण चाउरिएर साना दाना लागेका उनले बताए । एक पटक उत्पादन भएको फलबाट मनग्ये आम्दानी हुने भएकाले हरेस भने नखाएको लिम्बूको भनाइ थियो । 'एक पटकको लगानीले २५ वर्षसम्म उत्पादन दिने गरेको छ । सुरुमा केही समस्या भए पनि पछि सामान्य हेरचाह गरे राम्रो उत्पादन हुन्छ', उनले भने । सुनवर्शी नगरपालिका-१ मा सञ्चालित तुर्छा ड्रायगन फ्रुट फर्ममा रु १५ देखि २० लाख बराबरको फुल्दै गरेको ड्रायगनका फल बोटमै ओइलिएर खसेका फर्मका सञ्चालक गणेश राईले बताए । लगातार एक हप्तासम्म लागेको चर्को घाम र बढ्दो गर्मीका कारण तीन लटसम्मका फल कुहिएको उनले बताए । मोरङ गछियामा व्यावसायिक ड्रायगन खेती गर्दै आएका टिएन तामाङको फर्ममा रु चारदेखि पाँच लाख बराबरको ड्रायगन कुहिएको छ । सुरु सुरु भएकाले अनुभव नभएको भन्दै एक्कासि लागेको घाम र हुरीले फल कुहिन थालेपछि आफूले केही गर्न नसकेको उनको भनाइ थियो । पूर्वी नेपालमा पहिलो पटक ड्रायगन खेती भित्र्याएका सुनसरीका कृपासुर घलेले यस सिजनमा सबै व्यवसायीलाई लाखौँको घाटा भएको बताए । आफूले सञ्चालन गरेको तर्जुमा ड्रायगन फ्रुट फर्ममा मात्रै रु पाँच/सात लाखको फल कुहिएर झरेको उनको भनाइ थियो । 'ड्रायगनले एक सिजनमा १५ देखि १९ पटक फल दिने गर्दछ । यो फल जेठबाट सुरु भएर कात्तिकसम्म फल्ने गर्छ । ड्रायगनमा फूल फूल्ने, फल लाग्ने र फल पाक्ने क्रम सँगसँगै हुन्छ । सँगै फूल फुल्ने र दाना लाग्ने भएकाले फूल फूलेको २१ दिनमा फल पाक्ने गर्दछ', घलेले भने । उनका अनुसार फल पाक्न सुरु भएपछि १९ हप्तासम्म प्रत्येक एक हप्ताको फरकमा फल टिप्न सकिन्छ । ड्रायगन फलको नेपालमा अत्यधिक माग छ । खुल्ला सिमानाका भएकाले थाईल्यान्डलगायत बाहिरी देशबाट आएको ड्रायगन फ्रुटले नेपाली बजार चलेको छ । बाहिरबाट आयात हुने ड्रायगन फ्रुटलाई रोक नलाएसम्म नेपाली ड्रायगनले बजार नपाउने किसानको भनाइ छ । नेपाली ड्रायगनले खुल्ला बजार नपाएसम्म किसान मर्कामा पर्ने उनीहरु बताउँछन् । पूर्वमा ड्रायगन फ्रुट किसान धेरै भए पनि बजार नभएको किसानले बताउँदै आएका छन् । नेपालमा ड्रायगन नयाँ खेती भएकाले मौसमले समस्या उब्जाएको हो । चर्को घामका कारण ड्रायगनका बोट र फल कुहिने, फङगर्स रोग फैलिने, बोटमा कमिला लाग्नेलगायत समस्या आउन थालेको किसानले गुनासो गरेका छन् । ड्रायगन खेती विज्ञताको कमी र औषधिसम्बन्धी ज्ञान नभएका कारण बोटमा फङ्गर्स रोगले सताउने गरेको छ । साना किसानले बजार नपाएर गाउँघरमै डुलाएर फल बेच्नुपर्ने बाध्यता छ ।**-रासस**

## उखु खेतमै सुक्न थालेपछि किसान चिन्तित

कञ्चनपुरको लालझाडी गाउँपालिका-३ नन्दगाउँका लोकबहादुर बडायक केही दिनयता खेतखलियानमै व्यस्त छन् । उनले दुई बिघाभन्दा बढी जमिनमा उखु खेती गरेका छन् ।



केही दिनयता खेतको उखु सुक्न थालेको छ । त्यसैले खेतको उखु सिँचाइ गर्नैमा दिन बित्छ, उनको । 'पानी नपर्दा गर्मीले खेतको उखु सुक्दै गएको छ, यस्तै रह्यो भने उखु सबै सुकेर नष्ट हुने सम्भावना छ', उनले भने, 'खेती जगाउन हम्मेहम्मे परेको छ ।' विगतका वर्षमा पनि उखु सुक्ने गरेको भए पनि यस वर्ष अत्यधिक मात्रामा उखु सुक्दै गएको उनको भनाइ छ । 'यसपटक गर्मी पनि अत्यधिक छ, आकाशको पानी पनि परेको छैन', उनले भने, 'बोरिङबाट खेतमा पानी लगाइरहेका छौँ ।' बेलौरी नगरपालिका-१० भुडाका धनीदत्त भट्ट खेतको उखु कसरी जोगाउने भनेर चिन्तित छन् । दुई बिगाह जग्गामा उनले उखु खेती गरेका छन् । करिब आधा बिघाभन्दा बढीको उखु सुकेर नष्ट भइसकेको उनले बताए । 'आकाशे पानीको भरको खेततिरको उखु सुकेको छ, नहरबाट सिँचाइ हुने जमिनमा सिँचाइ गरिरहेका छौँ', किसान धनीदत्त भट्टले भने, 'पानी परे खेती जोगाउन सकिन्थ्यो ।' उखु बेचेर घरखर्च जोहो गर्ने उनी यसपटक लगानी पनि निकाल्न पनि गाह्रो हुने बताउछन् । आम्दानीको स्रोतको रुपमा रहेको उखु खेतमै सुक्न थालेपछि किसान चिन्तित बनेका हुन । केही दिनयता अत्यधिक गर्मी बढ्नुका साथै सिँचाइको लागि आकाशबाट पानी नपर्दा उखु खेतमै सुक्न थालेको कृषि ज्ञान केन्द्र कञ्चनपुरका सूचना अधिकारी हरि जोशीले जानकारी दिए । 'यहाँ धेरै ठाउँमा आकाशको पानीको भरमा खेती हुन्छ', उनले भने, 'पानी नपरेकोले र पछिल्लो समय तापक्रम पनि बढेकोले खेती सुकिरहेको छ ।' कञ्चनपुरको पुनर्वास, बेलौरी, लालझाडी, बेलडाँडी र दोधारा चाँदनीमा बढी उखु खेती हुने गरेको छ । जिल्लाभर आठ सयदेखि एक हजार हेक्टर जमिनमा उखु खेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । कञ्चनपुरमा उखुको उत्पादन प्रतिहेक्टर ५५ देखि ६० टन हुने गरेको छ । यहाँका किसानका लागि उखु बच्न बेलौरी र पुनर्वासमा मिल छ । 'गहिरो जमिनको खेती त्यति धेरै सुकेको छैन, बालुवा तथा सुक्खा जमिनको खेती सुकेको छ', सूचना अधिकारी जोशीले भने,'किसान नियमित बाली जोगान नियमित सिँचाइ गर्न आग्रह गरेका छौँ ।'**-रासस**

## खडेरीको असर : खेतमै सुक्न थाल्यो धान र कोदाको बीउ



लामो खडेरीका कारण म्याग्दीका किसानले खेतमा राखेको धानको बीउ खेतमा नै सुक्न थालेको छ । लामो समयदेखिको खडेरी र तापक्रम वृद्धिका कारण यहाँको लेकाली क्षेत्रमा समेत रोपाइँ सुरु हुन सकेको छैन भने तल्लो क्षेत्रमा धानको बीउ, सिमीलगायत बर्खेबाली खेतबारीमै सुक्न थालेको किसानले बताएका छन् ।

पानी नपर्दा लेकाली क्षेत्रमा कोदोसमेत रोप्न नपाएको मालिका गाउँपालिका-२ का कृष्णबहादुर विकले जानकारी दिए । 'यतिबेला धमाधम कोदो र धान रोपाइँ सुरु हुने बेला भए पनि वर्षा नभएका कारण रोपाइँ त परको कुरा बीउसमेत राम्ररी फस्टाउन पाएको छैन', उनले भने । जिल्लाको बेनी नगरपालिकाका उपल्लो भेग र मालिका, धवलागिरि, मङ्गला, अन्नपूर्ण र रघुगङ्गाका लेकाली क्षेत्रमा विगतका वर्षमा यतिबेला कोदो रोपाइँ सकिन्थ्यो । केही ठाउँमा धान रोपाइँ भइसकेको हुन्थ्यो । तर यस वर्ष भने जिल्लामा कतै पनि रोपाइँ सुरु हुन नसकेको किसानको भनाइ छ । लामो समयदेखि वर्षा नभएका कारण धान र कोदोको बीउ सुक्न थालेको छ भने मकैलगायत खेतबारीमा लगाएका अन्य गेडागुडी खेतीसमेत ओइलाउन थालेको बेनी -२ का किसान नारायण शर्मा सापकोटाले बताए । 'यो वर्ष जस्तो खडेरी र चर्को गर्मी कहिल्यै भएको थिएन । गत वर्ष कोदो रोपेर धान रोपाइँ सुरु गरेका थियौँ', उनले भने 'यस वर्ष अहिलेसम्म कोदोसमेत रोप्न पाएका छैनौँ । बीउ सुकेर खेर जान लागिसक्यो ।' सिँचाइको सुविधा भएका क्षेत्रमा समेत खोलामा पानी नहुँदा रोपाइँ हुन नसकेको स्थानीयले बताएका छन् । पछिल्ला केही दिनयता तापक्रम ह्वात्तै बढेकाले बालीसमेत ओइलाउन थालेको उनको भनाइ छ । जिल्लाका अधिकांश ठाउँमा वर्षाको भरमा खेतीबाली लगाइने गरिएको छ । करिब चार हजार हेक्टर जमिनमा सिँचाइको सुविधा भए पनि खोलानाला सुकेकाले समस्या भएको हो । जिल्लाको मुख्य बाली धान हो भने कोदो दोस्रो मुख्य बाली हो । मकै र गहुँ क्रमश: तेस्रो र चौथो बालीका रूपमा उत्पादन हुने गरेको छ । जिल्लाभर सात हजार ३५ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ भने झन्डै चार हजार हेक्टरमा कोदो र मकैखेती हुने गरेको छ । मुख्य बाली लगाउने समयमै खडेरी परेका कारण कृषकलाई समस्या परेको छ । कृषि ज्ञान केन्द्र म्याग्दीले लामो समयदेखि वर्षा नहुँदा म्याग्दीमा रोपाइँ गर्न समस्या भएको जनाएको छ । मौसम सक्रिय नभएसम्म रोपाइँ गर्न नपाउने भएपछि कृषक समस्यामा परेका छन् ।

**-रातोपाटी डटकम**

## मलको मात्रा तोकियो, कहाँ कति हाल्नुपर्छ?

सरकारले प्रमुख तीन बालीमा हाल्ने मलको मात्रा सिफारिस गरेको छ । नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र र अमेरिकी सहयोग नियोग (युएसआइडी) को संयुक्त प्रयासमा धान, मकै र गहुँमा हाल्ने मलखादको मात्रा सिफारिस गरेको हो ।



मलखादको सही प्रयोगबाट उत्पादन र उत्पादकत्व बढाउन मलखाद सिफारिस गरिएको राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रका प्रमुख डा. श्रीप्रसाद विष्टले जानकारी दिए । 'माटोको अवस्था, प्रयोग गरिने बालिहरू, सिँचाई र मौसमलाई परीक्षण गरेर मलखाद सिफारिस गरिएको छ,' उनले भने । पछिल्लो समय बीउका जात र माटोको अवस्थामा आएको परिवर्तनका कारण मलखाद सिफारिस गर्नुपरेको उनी बताउँछन् । उनका अनुसार अहिले बीउका विभिन्न हाइब्रिड जातहरू आएका छन् । त्यस्तै, माटोको अवस्थामा पनि परिवर्तन आएको छ । देशभरका कृषि योग्य जमिनबाट ३० हजार पाँच सय ४८ माटोका नमूनाको आधारमा मलखाद सिफारिस गरिएको छ । सिफारिस गरिएअनुसारको मल प्रयोग गर्दा ३० प्रतिशतले रासायनिक मलको खपत बढ्ने उनको भनाइ छ । 'पहिले माटो राम्रो थियो । गाईवस्तु पाल्थे मल हुन्थ्यो,' उनले भने, 'अहिले गाईवस्तुको मल छैन, माटो पनि बिग्रिसकेको छ ।' किसानले सन्तुलित रूपमा सिफारिस गरिए अनुसार मलको प्रयोग गरे २५ प्रतिशतले उत्पादन पनि बढ्ने उनले जाकारी दिए । त्यसो त मलखाद सिफारिस गरिएको यो पहिलो पटक भने होइन । ४७ वर्षअघि कृषि विभाग अन्तर्गतको माटो विज्ञान तथा कृषि रसायन विज्ञान महाशाखाले सबै बालीका लागि मलखाद सिफारिस गरेको थियो । त्यो समयमा एक सय किलो नाइट्रोजन, ३० किलो फस्फोरस र ३० केजी पोटास हाल्न सिफारिस गरिएको थियो । सोही सिफारिसका आधामा अहिलेसम्म किसानले बालीमा मल प्रयोग गरिरहेका छन् । २०७५ सालदेखि माटो विज्ञान समूहले यसको अध्ययनको काम गरेको हो । अध्ययन भएको दुई वर्षमा यसको विवरण निकाल्ने योजना थियो। तर कोभिडका कारण दुई वर्ष ढिला भएको उनी बताउँछन् । 'काम सुरू गर्दा गर्दै कोभिड आयो,' उनले भने, 'बाली लगाउनले समय वर्षमा एक पटक मात्रै आउँछ । त्यो वर्ष लगाउन सकिएन भने, अर्को वर्ष कुर्नुपर्छ ।' उनका अनुसार धानबालीमा रासायनिक मलको प्रयोग गर्दा बीउ लगाउन अगाडि नै फस्फोरस, पोटास, जिंक सल्फेट र बोरेक्सको पूरै मात्रा तथा नाइट्रोजनको एक तिहाई मात्रा मल हाल्नुपर्छ । त्यसपछि, बाली लगाएको २५ देखि ३० दिनपछि (गाँज आउने समयमा) र बाँकी ५० देखि ५५ दिनपछि (बालीको फूल फुल्नभन्दा अगाडि) प्रयोग गर्नुपर्छ । मकैको बीउ रोप्नुअगाडि नै रासायनिक मलको प्रयोग गर्दा फस्फोरस, पोटास, जिंक सल्फेट र बोरेक्सको पूरै मात्रा तथा नाइट्रोजनको एक तिहाई मात्रा मल प्रयोग गर्नुपर्ने उनले बताए । त्यसपछि बाँकी बालीको ६ पाते अवस्था र १० पाते अवस्थामा मिलाएर प्रयोग गर्नुपर्छ । उनका अनुसार धानबालीमा रासायनिक मलको प्रयोग गर्दा बीउ लगाउनुअगाडि नै फस्फोरस, पोटास, बोरेक्स र नाइट्रोजन एक तिहाई मात्रा मलखाद हाल्नुपर्छ । त्यसपछि, बाली लगाएको २५ देखि ३० दिन पछि (गाँज आउने समयमा) र बाँकी ५० देखि ५५ दिनपछि (बालीको फूल फुल्नभन्दा अगाडि) प्रयोग गर्नुपर्छ । उपलब्ध भएसम्म प्रांगारिक मल बढी राख्न उनी सुझाउँछन् । तर, किसानले माटोका अवस्था हेरेर मलको प्रयोग गर्नुपर्ने उनको भनाइ छ । सरकारले डिजिटल माटोको नक्सा तयार गरिसकेको छ । यसको एप प्रयोग गरेर किसान आफैंले आफ्नो जग्गाको माटोको अवस्था थाहा पाउन सक्छन् । 'हामीले ७ सय ५३ पालिकामा पठाइसकेका छौं,' उनले भने, 'त्यहाँका कृषि प्राविधिकले किसानसम्म पुऱ्याउँछन् ।' बढी मलको प्रयोग गरेरभन्दा पनि सन्तुलन रूपमा मलको प्रयोग गरे उत्पादन बढ्ने उनको भनाइ छ । माटोको अवस्था बुझेर मल हाल्न उनले किसानलाई सुझाएका छन् । यो वर्ष अन्य खाद्यान्न बालीका लागि पनि मलखाद सिफारिसको अध्ययन भइरहेको उनले जानकारी दिए । 'धान र मकैको सिजन आएकाले हामीले पहिले यी तीन बालीका लागि मलखाद सिफारिस गरेको हौं,' उनले भने,'अब अन्य बालीको लागि पनि सिफारिस गर्दै जान्छौं ।'

**-सेतोपाटी डटकम**

# रामपुरमा लोक सेवाको तयारी गर्नेलाई नि:शुल्क कक्षा



**पाल्पा,** असार २/जिल्लाको रामपुरमा लोक सेवाको तयारी गरिरहेकाहरुका लागि नि:शुल्क कक्षा सञ्चालन गरिएको छ । रामपुर नगर सरकारले नगर भित्रका युवाहरुलाई सरकारी निकायमा लगाउन प्रेरित गर्ने उद्देश्यले नि:शूल्क कक्षाको व्यवस्था गरेको हो ।

एक महिनासम्म सञ्चालन भएको नि:शुल्क लोक सेवा तयारी कक्षा सकिएको छ । लोक सेवा आयोगमा अभिरुची राख्ने र परीक्षाको तयारीमा रहेका विद्यार्थीहरुको आवश्यकतालाई मध्यनजर गरी कक्षा सञ्चालन गरिएको थियो । उक्त कक्षाको एक औपचारिक कार्यक्रमको बिच समापन गरिएको छ । नगर प्रमुख रमण बहादुर थापा कक्षाको समापन गरेका हुन् । उनले निजामती सेवामार्फत जनताको सेवा गर्न ईच्छुक विद्यार्थीहरुलाई आधार स्तम्भ निर्माणका लागि कार्यक्रम सञ्चालन गरिएको बताए । उत्साह र मेहनतका साथ अध्ययन गरेर लोक सेवा आयोगको परीक्षामा उत्तिर्ण गरी निजामती सेवामा लाग्न उनले विद्यार्थीहरुलाई आग्रह गरे । आगामी दिनमा पनि विद्यार्थीहरुको माग र आवश्यकतालाई मध्यनजर गरेर विभिन्न कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरे । प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानेले लोक सेवा आयोगको सामान्य आधारभुत ज्ञान बारे जानकारीका लागि कक्षा सञ्चालन गरिएको भन्दै निजामती सेवामा प्रवेशका लागि अझ मेहनतका साथ अध्ययन गर्न आग्रह गरे । १ का वडा अध्यक्ष कपिलबहादुर खाँणले निजामती सेवामा काम गर्ने यस क्षेत्रको कर्मचारी रहेको बताउँदै यसका लागि नगरपालिकाले थप कार्यक्रम सञ्चालन गर्ने बताए । कार्यक्रममा ५ का वडा अध्यक्ष दुर्गाप्रसाद पोखरेलले पछिल्लो समय विद्यार्थीहरु बैदेशिक रोजगारीमा जानु भन्दा लगनशिलताका साथ अध्ययन गरेर निजामती सेवामार्फत जनताको सेवामा लाग्न आग्रह गरे । कार्यक्रममा शहिद बहुमुखी क्याम्पस स्वियू उपसभापति दर्पण सोती, सहभागी विद्यार्थी प्रतिक्षा पोखरेल लगायतले नगरपालिकाले नि:शुल्क रुपमा लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरेकोमा धन्यवाद दिए । उपप्रमुख बालकुमारी थापाको अध्यक्षता, प्रेस सल्लहाकार दानु हिस्की मगरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# ब्याडमै सुक्न थाल्यो ...

...रातभर खेतमा पानीको पालो कुलेर बस्दासमेत दुई दिनमा एक पटक सिँचाइ दिन सकस भएको बताउन्छिन्, शोभा आले । 'पानीको पालोअनुसार ब्याड सिँचाइ गर्न दिनरात नभनिकन खेतमा धाउनुपरेको छ', उनले भनिन्, 'दुई दिन बित्दासमेत पालो आउन मुस्किल पर्छ, खेतमा बीउ सुक्न लागिसक्यो, आकाशे पानी नपरेपछि किसानले धेरै सास्ती खेप्नु परेको छ ।' घरधन्दा, छोराछोरीको रेखदेखका बाबजुद रातभर खेतमा पानी पालो पर्खेर बस्न पर्दा महिलालाई धेरै अप्ठ्यारो हने गरेको मन्जु पङ्गेनीले बताइन् । रातको समयमा डर त्रासका बाबजुद कुलोको मुहानमा पुगेर पानी ल्याएर सिँचाइ गर्न महिलालाई सकस परेको आलेको भनाइ छ । हिले ब्याड बनाएर बीउ राख्ने यहाँका किसानले अहिले पानी अभावमा धेरैले धुले ब्याड राखेका छन् । असार लागिसक्दा पनि कतिपय ठाउँमा बीउ अझै राख्न पाइएको छैन । यस वर्ष मनसुन ढिला सुरु हुँदा धानको बीउ राख्न किसानले धेरै समस्या भोग्नुपरेको रामपुर नगरपालिका कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताए । उनी भन्छन् 'पानी नपरेपछि कुलो, नहरमा पानीको बहाव घटेको छ, पानीका मुहान, कुँवा सुक्दै गएका छन्, पर्याप्त सिँचाइ भएका मूल, कुँवाको मुहान नजिक भएका खेतमा हिलो गरेर बीउ राखिएको छ भने सिँचाइ कम सुविधा भएका ठाउँमा धुले ब्याड तयार भएका छन् । पाण्डेयका अनुसार यस क्षेत्रका आकाशे पानीको भरमा मात्र खेती लगाइने जग्गामा बीउ राख्न अझै बाँकी नै छ । कुलो, नहरमा ल्याइएका पानी खेतको मुहानमा पुग्न धौं धौं अवस्था छ । बिहानैदेखि रात नपरुञ्जेलसम्म चर्को घाम लागेकाले कुलो तथा नहरमा ल्याइएको पानी खेतसम्म पुऱ्याउन कठिनाइ छ । ब्याडमा बीउ सुक्ने अवस्था हुन थालेपछि किसानले बोरा, स्याउलाले दिनभर छोपेर राख्ने गरेका छन् । महँगो मूल्यमा बजारका एग्रोभेटमा बीउ खरिद गरेर ब्याड राखेका किसान सिँचाइ पर्याप्त दिन नपाउँदा उम्रन नपाइकन बीउ बिग्रने चिन्तामा छन् । वर्षदिन खाने खेती समयमा नै बीउ राख्न नपाउँदा र ब्याडमा पर्याप्त सिँचाइ दिन नसक्दा किसान पिरोलिएका छन् । खेती लगाउने समयमा हरेक वर्ष किसानलाई केही न केही समस्या निम्तिएको हुन्छ । कहिले रासायनिक मलको अभाव त कहिले धानको बीउ अभाव, समयमा वर्षा नपर्नुजस्ता समस्याले किसानलाई सताइरहेको हुन्छ । दिगो र भरपर्दो सिँचाइको व्यवस्थापन हुन नसक्दा बीउ राख्न तथा बालीनाली लगाउन समस्या भइरहेको छ । **-रासस**


## तानसेन नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- खडेरीको समयमा आगालागिका घटनाहरु बढी घट्ने हुनाले आगोजन्य सम्भावित प्रकोपबाट बच्न सबै सचेत बनौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

जीवन ज्ञवाली — प्रमुख प्रशासकीय अधिकृत
प्रतिक्षा सिंजाली — उपप्रमुख
सन्तोषलाल श्रेष्ठ — नगरप्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा


## खेलकुद समाचार

### नेपालले वर्षाका कारण २ खेल खेल्नै पाएन



**काठमाडौं,** असार २/हङकङमा भइरहेको एसीसी वुमन्स इमर्जिङ टिम्स एसिया कप क्रिकेटमा नेपाल समूह चरणबाटै बाहिरिन पुग्यो । समूह चरणमा हुनुपर्ने तीनमध्ये दुई खेल वर्षाका कारण अवरुद्ध भएको र एक खेलमा पराजित भएका कारण नेपाल समूह चरणबाटै बाहिरिएको हो । शनिबार तय भएको नेपाल र हङकङबीचको खेल वर्षाका कारण अवरुद्ध भएपछि नेपालको अघिल्लो चरणमा जाने सम्भावना नै रहेन ।

यो प्रतियोगितामा सिधै छनोट हुन नसकेको नेपालले थाइल्याण्डले अन्तिम समयमा नाम फिर्ता लिएपछि अन्तिम समयमा अवसर पाएको थियो । एसियाका भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश जस्ता टेष्ट मान्यताप्राप्त देशको ए टिम सहभागी हुने यस प्रतियोगिता नेपालका लागि आफ्नो स्तर थाहा पाउने र एक्सपोजर लिने अवसर थियो । तर समूह ए मा पाकिस्तान ए सँग पहिलो खेलमा ९ रनको पराजय ब्यहोरेको नेपालले भारत ए सँग निर्धारित दोस्रो खेल वर्षाका कारण अवरुद्ध भएपछि खेल्न पाएन । पहिलो खेलमा नेपालले उत्कृष्ट बलिङ र फिल्डिङ गर्दै पाकिस्तान ए टोलीलाई ८७ रनमा अलआउट गरे पनि ब्याटिङमा राम्रो प्रदर्शन गर्न नसक्दा पराजित हुन पुगेको थियो । तीन खेलबाट नेपाल र हङकङले समान २ अंक जोडे र समूह चरणबाट बाहिरिए । शनिबार तय भएको भारत ए र पाकिस्तान ए को खेल पनि रद्द भयो । समूह ए बाट भारत ए र पाकिस्तान ए ले सेमिफाइनलमा स्थान बनाए । यस्तै समूह बी बाट श्रीलंका ए र बंगलादेश ए ले सेमिफाइनलमा स्थान बनाउँदा युएई र मलेसिया समूह चरणबाटै बाहिरिए ।

सेमिफाइनलका खेलहरु जुन १९ र फाइनल जुन २१ मा हुनेछ । वर्षाका कारण प्रतियोगिताका धेरै खेल प्रभावित बने । जसले गर्दा एसोसिएट टिमले टेष्ट टिमसँग धेरै खेल खेल्ने अवसर पाएनन् । नेपालले केही समयअघि मलेसियासँग पाँच खेलको टी-२० अन्तर्राष्ट्रिय शृखंला खेल्दै ११ महिनापछि अन्तर्राष्ट्रिय क्रिकेटमा पुनरागमन गरेको थियो । अन्तिम समयमा इमर्जिङ टिम्स एसिया कप खेल्ने अवसर पाउँदा नेपालले त्यही टोलीलाई निरन्तरता दिँदै हङकङ खेल्न गएको थियो । यस प्रतियोगितालाई नेपालले आगामी अगष्ट-सेप्टेम्बरमा मलेसियामा हुने आईसीसी टी-२० विश्वकप एसिया क्वालिफायरको तयारीको रुपमा लिएको थियो । तर एक खेल मात्र खेल्न पाएको नेपालले सोचेजस्तो प्रदर्शन गर्ने र एक्पोजर लिने अवस्था भने रहेन । मलेसियामा हुने विश्वकप छनोटमा नेपालसहित ११ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् र शीर्ष दुई टोली मात्र ग्लोबल क्वालिफायरमा प्रवेश गर्नेछन् ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# माछापुच्छ्रे बैंकलाई 'इन्फोसिस फिनेकल इनोभेसन' अवार्ड

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

**पाल्पा,** असार २/माछापुच्छ्रे बैंक लिमिटेडले अवार्ड प्राप्त गरेको छ । बैंकले भारतको बैंगलोरस्थित बहुराष्ट्रिय सुचना प्रविधि कम्पनी इन्फोसिस फिनेकलले प्रदान गर्ने 'इन्फोसिस फिनेकल इनोभेसन अवार्ड-२०२३' बाट सम्मानित भएको हो ।

ग्राहकलाई प्रदान गर्ने डिजिटल सेवाको गुणस्तर र कारोबार संख्यामा उल्लेखनीय वृद्धि गर्दै डिजिटल बैंकिङमा अभूतपूर्व सफलता हासिल गरेसँगै बैंक 'इन्फोसिस फिनेकल इनोभेसन अवार्ड २०२३- म्याक्सिमाइजिङ कस्टमर इंगेजमेन्ट-गोल्ड' पुरस्कारबाट सम्मानित भएको हो । विगत दुई वर्षमा बैंकले आफ्नो डिजिटल सेवालाई निरन्तर परिष्कृत गर्नुका साथै उक्त सेवालाई सुरक्षित बनाउन नवीनतम कदम चालेको छ । इन्फोसिस फिनेकलले हरेक वर्ष विभिन्न १० विधामा अवार्ड प्रदान गर्दै आइरहेको छ ।

यस वर्ष विश्वभरिबाट २ सय भन्दा बढी कम्पनी विभिन्न विधामा मनोनयनमा परेका थिए । माछापुच्छ्रे बैंकले हाल देशका ७ वटै प्रदेशमा १ सय ६५ शाखा, १२ एक्सटेन्सन काउन्टर, १ सय ३३ शाखारहित बैंकिङ सेवा, २ सय ३ एटीएममार्फत १४ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई